October 7th, 2024 Monday

आकाशवाणी

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

प्रमुख समाचार:

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मालदिभ्सका राष्ट्रपति डा मोहम्मद मुइज्जुबीच भेटवार्ता, भारत माल्दिभ्सलाई सहयोग गर्न सधैं अगाडि रहेको प्रधानमन्त्रीको भनाइ
- केन्द्रीय गृहमन्त्री श्री अमित शाहको वामपन्थी अतिवाद प्रभावित राज्यका मुख्यमन्त्रीहरूसँग समीक्षा बैठक
- सरकारले देशको कृषि प्रणाली सुधारका लागि काम गरिरहेको कृषिमन्त्री श्री शिवराजसिंह चौहानको भनाइ
- व्यावसायिक प्रतियोगिताबाट औपचारिक सन्यास लिने चर्चित भारतीय जिमनाष्ट दिपा कर्माकरको घोषणा
- अनि महिला टी-ट्वान्टी क्रिकेट विश्वकपमा इंग्ल्यान्ड र दक्षिण अफ्रिकाबीच अहिले साँझ प्रतिस्पर्धा हुँदै

PM - Maldives Prez

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आवश्यक परेको समयमा माल्दिभ्सलाई सबैभन्दा पहिला भारतले नै मदत गर्दै आएको बताउनुभएको छ। नयाँ दिल्लीमा माल्दिभ्सका राष्ट्रपति डा मोहम्मद मोइज्जुसँग कूटनीतिक तहको वार्तापछि प्रधानमन्त्री श्री मोदीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्नुभएको हो । विज्ञप्तिमा भारतले सधैं छिमेकीका रूपमा आफ्नो जिम्मेवारी पूरा गरेको उल्लेख गरिएको छ । भारतले माल्दिभ्सका जनतालाई अत्यावश्यक वस्तुहरू उपलब्ध गराएको, प्राकृतिक प्रकोपमा पिउने पानी उपलब्ध गराएको र कोभिडको समयमा खोप पनि उपलब्ध गराएको उहाँले बताउनुभयो । श्री मोदीले भारत र माल्दिभ्स बीचको सम्बन्ध शताब्दीयौं पुरानो रहेको बताउनुभयो । प्रधानमन्त्रीले हाम्रो छिमेकी प्रथम नीति र सागर भिजनमा पनि माल्दिभ्सको महत्वपूर्ण स्थान रहेको बताउनुभयो । आफ्नो विज्ञप्तिमा डा मुइज्जुबले दुवै देशको सफल विकास यात्रालाई ध्यानमा राखेर आफू र प्रधानमन्त्री श्री मोदीबीच विस्तृत छलफल भएको बताउनुभयो । उहाँले दुई देशबीचको भावी सहकार्यका बारेमा पनि जानकारी दिनुभयो । प्रधानमन्त्री श्री नरेन्द्र मोदी र राष्ट्रपति डा मुइज्जुरले माल्दिभ्सको हनिमधु अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको पनि उद्घाटन गर्नुभएको थियो। माल्दिभ्समा RuPay कार्ड भुक्तान पनि सुरु गरिएको छ। दुई देशबीच भ्रष्टाचार नियन्त्रण, न्यायपालिका, युवा र खेलकुदलगायतका क्षेत्रमा पनि धेरै समझदारीपत्रमा हस्ताक्षर भएका छन् ।

Amit Shah – LWE Meeting

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ, केन्द्र सरकार र राज्यबीचको राम्रो तालमेलको कारण देशबाट नक्सलवाद पूर्ण रूपमा समाप्त भएको छ। श्री शाहले आज नयाँ दिल्लीमा वामपन्थी अतिवाद प्रभावित राज्यहरूका मुख्यमन्त्रीहरूसँग समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

गृहमन्त्रीले नक्सली हिंसाका घटना १६ हजारबाट घटेर करिब ७ हजार ७ सय पुगेको बताउनुभयो । आगामी वर्ष यो संख्यामा अझै कमी आउने उहाँको भनाइ छ। श्री शाहले नागरिक र सुरक्षा बलको मृत्युमा ७० प्रतिशतले कमी आएको पनि प्रकाश पार्नुभयो। श्री शाहले नक्सल प्रभावित राज्यका करिब १३ हजार युवा हतियार त्यागेर मूलधारमा सामेल भएको चर्चा गर्नुभयो।

Shivaraj – Farmers Meet

कृषिमन्त्री श्री शिवराजसिंह चौहानले सरकारले देशको कृषि प्रणाली सुधारका लागि काम गरिरहेको बताउनुभएको छ। आज नयाँ दिल्लीमा किसान र किसान संगठनहरूसँगको बैठकपछि श्री चौहानले सरकारले किसानहरूको लागि कृषि विकास योजना र फसल बीमा योजना जस्ता धेरै निर्णयहरू लिएको बताउनुभयो। भारतीय किसान युनियनका दिल्ली राज्य अध्यक्ष, श्री सतीश लाम्बरदारले आकाशवाणी रेडियोलाई बताउनुभएअनुसार श्री चौहानले किसानहरूका सबै समस्या सुन्नुभयो र समाधान खोज्ने आश्वासन पनि दिनुभयो।

Nadda A-S.E.A.R.O

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले भन्नुभएको छ, भारतको स्वास्थ्य प्रणालीले विश्वव्यापी स्वास्थ्य कभरेज-UHC प्राप्त गर्न "सम्पूर्ण सरकार" र "सम्पूर्ण समाज" –क दृष्टिकोण अपनाएको छ। यसअन्तर्गत प्राथमिक स्वास्थ्य सेवा र अत्यावश्यक सेवालाई सुदृढ गर्नमा जोड दिइएको छ। विश्व स्वास्थ्य संगठन-डब्लुएचओ दक्षिणपूर्वी एसिया क्षेत्रको ७७औँ सत्रलाई सम्बोधन गर्दै श्री नड्डाले सरकारको आयुष्मान भारत-प्रधानमन्त्री जन आरोग्य योजनाबाट १२ करोडभन्दा बढी परिवार लाभान्वित भएको बताउनुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

J & L Election Counting

जम्मु कश्मीर र हरियाणाको ९०-९० सिटको मतगणना भोलि हुँदैछ। यससँगै जम्मू कश्मीरका 873 र हरियाणाका 1031 उम्मेदवारको हार जित तय हुनेछ। जम्मू कश्मीरमा कडा सुरक्षाबीच २० वटा मतगणना केन्द्रहरू स्थापना गरिएका छन्। हरियाणामा ९० मतगणना केन्द्रहरू स्थापना गरिएका छन्।

Coal Mine Explodes

पश्चिम बंगालको वीरभूम जिल्लामा रहेको कोइला खानीमा विस्फोट हुँदा सात जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। भादुलिया कोइला खानीमा आज बिहान यो घटना भएको हो। घाइतेहरुको स्थानीय जिल्ला अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले यस विषयमा अनुसन्धान गरिरहेको छ।

Nobel Prize

वर्ष 2024 को फिजियोलजी र चिकित्साशास्त्रतर्फ नोबेल पुरस्कारको लागि Victor Ambrose र Gary Ruvkun लाई चयन गरिएको छ। यी दुईलाई माइक्रोआरएनए-को खोज गरेबापत यो पुरस्कार प्रदान गरिन लागेको हो। छिट्टै नै २०२४ को भौतिकशास्त्र र रसायनशास्त्रको नोबेल पुरस्कार पनि घोषणा गरिने छ।

Prez – Film Awards

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भोलि नयाँ दिल्लीमा ७०औँ राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्ने कार्यक्रम छ। सो अवसरमा चर्चित अभिनेता मिथुन चक्रवर्तीलाई चलचित्र क्षेत्रको सर्वोच्च मान्यता दादासाहेब फाल्के अवार्डबाट सम्मानित गरिने भएको छ।

Junior Shooting Championship

पेरुको लिमामा जारी जुनियर विश्व सुटिङ च्याम्पियनसिपको अन्तिम दिन पुरुष ५० मिटर पिस्तोलमा दीपक दलाल, कमलजीत र राजचन्द्रको त्रिकुटले स्वर्ण पदक जितेका छन्। भारतका जुनियर शूटरहरूले १३ स्वर्ण, तीन रजत र आठ कास्यसहित कुल २४ पदकका साथ प्रतियोगितामा शीर्ष स्थानमा रहन सफल भएको छ।

Deepa Karmakar – Retirement

भारतीय जिमनाष्ट दिपा कर्माकरले व्यावसायिक प्रतियोगिताबाट औपचारिक सन्यासको घोषणा गरेकी छन्। दीपाले राष्ट्रमण्डल खेल, एसियाली च्याम्पियनसिप अनि ओलम्पिक खेलहरूमा उत्कृष्ट प्रदर्शन गरेकी छन्। उनले कलात्मक जिमनास्टिक्स विश्व कपमा स्वर्ण पदक पनि जितेकी छिन्। दिपा कर्माकर आफ्नो उत्कृष्ट करियरमा कैयौं प्रतिष्ठित पुरस्कार र प्रशंसाले सम्मानित भइन्। यसमा भारतको चौथो-सर्वोच्च नागरिक पुरस्कार पद्मश्री समावेश छ; खेलकुदमा उनको उत्कृष्ट उपलब्धिहरूको लागि अर्जुन पुरस्कार; र देशको सर्वोच्च खेल सम्मान मेजर ध्यानचन्द खेल रत्न पुरस्कारले पनि सम्मानित भएकी छन्।

Women’s Cricket

महिला टी–२० विश्वकप क्रिकेटमा आज साँझ साढे सात बजे समूह बीको टोलीमा रहेको इंग्ल्याण्डले दक्षिण अफ्रिकासँग शारजहाँमा प्रतिस्पर्धा गर्दैछ। दुवै टोलीले एक–एक खेल खेलेका छन् र जितेका छन्। पहिलो खेलमा दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई र इंग्ल्याण्डले बंगलादेशलाई हराएको थियो। हिजो दुबईमा भएको खेलमा भारतीय महिला टोलीले पाकिस्तानलाई ६ विकेटले पराजित गर्दै सेमिफाइनल पुग्ने सम्भावना जीवितै राखेको हो। भारतीय टोलीको अर्को खेल बुधबार श्रीलंकासँग र आइतबार विश्व च्याम्पियन अष्ट्रेलियासँग हुनेछ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मालदिभ्सका राष्ट्रपति डा मोहम्मद मुइज्जुबीच भेटवार्ता, भारत माल्दिभ्सलाई सहयोग गर्न सधैं अगाडि रहेको प्रधानमन्त्रीको भनाइ
- केन्द्रीय गृहमन्त्री श्री अमित शाहको वामपन्थी अतिवाद प्रभावित राज्यका मुख्यमन्त्रीहरूसँग समीक्षा बैठक
- सरकारले देशको कृषि प्रणाली सुधारका लागि काम गरिरहेको कृषिमन्त्री श्री शिवराजसिंह चौहानको भनाइ
- व्यावसायिक प्रतियोगिताबाट औपचारिक सन्यास लिने चर्चित भारतीय जिमनाष्ट दिपा कर्माकरको घोषणा
- अनि  महिला टी-ट्वान्टी क्रिकेट विश्वकपमा इंग्ल्यान्ड र दक्षिण अफ्रिकाबीच अहिले साँझ प्रतिस्पर्धा हुँदै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।